सैनिक गानका श्रष्टाहरुको सम्मानमा आयोजित सम्मान समारोहमा प्रधान सेनापतिको स्वागत मन्तव्य

(मिति २०६८/५/२ गते)

- सम्माननीय प्रधानमन्त्रीज्यू,
- माननीय रक्षामन्त्रीज्यू,
- माननीय संस्कृतिमन्त्रीज्यू,
- मुख्य सचिवज्यू लगायत अन्य सचिवहरु तथा सुरक्षा निकायका प्रमुखहरु,
- आजको यस सम्मान समारोहका विशेष व्यक्तित्व, साहित्यकार स्व.श्री गोपाल प्रसाद रिमालकी धर्मपत्नी हरिदेवी रिमालज्यू,
- वरिष्ठ संगीतकार श्री अम्बर गुरुङ्गज्यू,
- लोकप्रिय गायक श्री फत्तेमान राजभण्डारीज्यू,
- राष्ट्रकवि तथा प्राज्ञज्यूहरु,
- पत्रकार मित्रहरु,
- आमन्त्रित विशिष्ट व्यक्तित्व तथा कलाकार मित्रहरु,
- महिला तथा सज्जनवृन्द ।

१. सर्वप्रथम, आफ्नो कार्यव्यस्तताका बावजुद पनि, यस महत्वपूर्ण समारोहमा पाल्नु हुने प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण अतिथि महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

२. नेपाली गीत, संगीत एवं साहित्य क्षेत्रका महान श्रष्टाहरु क्रमश: स्व.श्री गोपाल प्रसाद रिमालज्यूको रचना र श्री अम्बर गुरुङ्गज्यूको संगीत रहेको "रातो र चन्द्र सूर्य जंगी निशान हाम्रो" बोलको स्वदेश गानलाई नेपाली सेनाले आफ्नो सैनिक गानको रुपमा ग्रहण गरेको छ । श्री अम्बर गुरुङ्गज्यू तथा श्री फत्तेमान राजभण्डारीको स्वरमा रेकर्ड भएको यस स्वदेश गान वास्तवमा नेपाल र विश्वभर बसोबास गर्ने सम्पूर्ण नेपालीहरुको शान र गौरव बनेर गुञ्जने गरेको छ । यस सैनिक गानका रचनाकार स्व.श्री गोपाल प्रसाद रिमाल र संगीतकार तथा गायक श्री अम्बर गुरुङ्गलाई उहाँहरुको योगदानको कदर स्वरुप नेपाल सरकारले नेपाली सेनाको मानार्थ महासेनानी दर्जा प्रदान गर्ने निर्णय गरेको छ । यो नेपाल सरकारद्वारा प्रदान भएको राष्ट्रिय सम्मान हो, भन्ने हामीलाई लाग्दछ । यसै गरी गायनमा साथ दिनु हुने लोकप्रिय गायक श्री फत्तेमान राज-भण्डारीको योगदानको लागि वहाँलाई समेत कदर गर्ने निर्णय भएको छ । जुनसुकै क्षेत्रबाट राष्ट्रसेवामा समर्पित रही राष्ट्रिय गौरव अभिवृद्धिमा योगदान पुऱ्याउने सबैका लागि यो खुशी र प्रेरणाको कुरा हो, भन्ने मलाई लाग्दछ ।

३. गीत, संगीतको क्षेत्रबाट राष्ट्रप्रेमको भाव फैलाउँदै नेपाली स्वाभिमानको प्रतीक चन्द्र र सूर्य अंकित राष्ट्रिय झण्डाको महिमा गान मार्फत राष्ट्रिय एकताको भावना तथा गौरव बढाउन योगदान पुऱ्याउने श्रष्टाहरुको सम्मानमा यस किसिमको ऐतिहासिक कार्यक्रम आयोजना गर्न पाउँदा, म लगायत समग्र नेपाली सेनाले गौरव महसुस गरेको छ ।

४. अन्तमा, आज सम्मानित हुनुहुने श्रष्टाहरुको पहिचान जीवन्त भइरहोस्, भन्ने शुभेच्छा सहित पुनः सबैलाई स्वागत गर्दै म आफ्नो मन्तव्य यही टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।